# ५८

# बेवारिसे समस्या: शहरी सुकुमबासी

संगीता लामा

(...) तीव्र शहरीकरणका कारण अहिले नेपालमा (...) प्रायः सबै नगर क्षेत्रका सार्वजनिक, पर्ती जमिन र खोला वा नदी किनारमा सुकुमबासी बस्तीहरू बढ्दै गइरहेका छन् । काठमाडौँ, पोखरा, विराटनगर, वीरगञ्ज, बुटवल, नारायणघाट, जनकपुर, नेपालगञ्ज जस्ता ठाउँमा पनि यस्ता बस्तीहरू थपिइरहेका छन् । खासगरी काठमाडौँमा यस्ता बस्तीको वृद्धिले निकै जटिल समस्या खडा गरिसकेको छ, किनभने यो सानो उपत्यकामा अहिले ४७ वटा सुकुमबासी बस्तीहरू बनिसकेका छन् ।

सुकुमबासी भन्नेवित्तिकै भूमिहीन, गरिब र अशिक्षित किसानको तस्वीर सामुन्ने आउँछ जो गाउँघरमा ज्यालादारी कृषि मजदुर भएर आफ्नो गुजारा चलाउँछ । तर आजभोलि सुकुमबासीहरू शहर बजारमा पनि देखिन थालेका छन् र उनीहरूलाई शहरी सुकुमबासी भनिन्छ । जसको समस्या शहरीकरणको प्रक्रियासँगसँगै गाँस्सिएर आएको छ । (...) श्री ५ को सरकारले गठन गरेको सुकुमबासी समस्या समाधान आयोगले "जीविकाको निम्ति अन्य कुनै विकल्प नरही सम्पूर्ण रूपले कृषि पेशामा आधारित भूमिहीन वा अन्य सीप नभएका नेपाल अधिराज्य वा अन्यत्र आफ्नो वा आफ्नो परिवारको नाउँमा जग्गा वा चल अचल सम्पत्ति नभएका, बाढी पैह्रो पीडित र विदेशबाट शरणार्थी भई आउने नेपाली मूलका व्यक्तिहरू"लाई सुकुमबासीका रूपमा परिभाषित गरिएको छ ।

यस परिभाषानुसार खोला किनारमा वा नगर क्षेत्रका सार्वजनिक जग्गामा छाप्रा बनाई बसोबास गर्नेहरू सुकुमबासी होइनन् । किनभने शहरी सुकुमबासीले कृषि पेशा पूर्णतः त्यागिसकेका छन् । उनीहरू भूमिहीन हुन् वा होइनन् छानबिन हुन बाँकी नै छ । उनीहरूसँग कुनै न कुनै सीप छ चाहे त्यो ड्राइभर, सिकर्मी, डकर्मी भई काम गर्ने वा सानोतिनो व्यवसाय चलाउने सीप नै किन नहोस् ।

*हिमाल* फागुन-चैत २०५३, पृ. ५०-५४ मा प्रकाशित ।

गैरसरकारी संस्था लुमन्ती सपोर्ट ग्रुप फर सेल्टर अथवा आवासका लागि सहयोग समूहले हालसालै मात्र काठमाडौँ नगरपालिकाका ४७ ठाउँहरूमा सुकुमबासी बस्तीहरू रहेको तथ्याङ्क प्रकाशमा ल्याएको छ । जसमध्ये थापाथली, शङ्खमूल, अनामनगर, बौद्ध, चावेल, महराजगञ्ज, सामाखुशी, म्हेपी, बालाजु, डल्लु, कालिमाटी, आदि ठाउँहरू पर्दछन् । यसबाहेक विभिन्न धर्मशाला, पाटीपौवा र पुराना मठमन्दिरका सत्तलहरूमा वर्षौंदेखि कैयौँ परिवार बस्तै आएका छन् । उनीहरूको अहिलेसम्म कुनै तथ्याङ्क छैन ।

सुकुमबासीहरूको सङ्ख्या अब बढ्ने सिवाय घट्ने छैन भन्ने राय योजनाविद् प्रफुल्लमान सिंह प्रधानको छ, "बढ्दो शहरीकरणको समस्या देशले धान्न नसकेको परिणाम हो यो । गाउँघरको घट्दो कृषि उत्पादन तथा रोजगारी, शिक्षा, स्वास्थ्य आदि सुविधाको अभावले मानिसहरू शहरतिर बसाइ सर्न बाध्य छन् । शहरका सबैलाई सरकारले रोजगारी र आवासको सुविधा पुऱ्याउन सक्दैन । महँगो डेराभाडा र थोरै आम्दानीका कारण गरिबहरू विस्तारै पर्ती तथा सार्वजनिक जग्गामा सर्छन् । यो क्रम अझ बढ्नेछ ।"

## सबै उम्कन खोज्छन्

काठमाडौँ शहरको बजार, झिलीमिली, तडकभडक र ठूल्ठूला भवनहरूका पछाडि हत्पती सबैको आँखा नपर्ने खोला किनारा र सार्वजनिक जग्गामा अँध्यारा सुकुमबासी बस्तीहरू पनि छन् भन्ने कुरा धेरैलाई चासो नभएको विषय हो । शहरी सुकुमबासीको समस्याबारेमा सोध्दा नगरपालिकाले नगर विकास समितिलाई देखाउने, नगर विकास समितिले आवास विभागलाई देखाउने र आवास विभागलेचाहिँ सुकुमबासी आयोगलाई औँल्याउने गर्दछन् ।

काठमाडौँमा किन सुकुमबासीहरू बढ्दैछन्, यसका पछाडि के कारणहरू छन् र यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने कुरालाई राजनीतिक नेताहरूले पनि त्यति गम्भीरतापूर्वक लिएका छैनन् । समस्याको गहिराइसम्म नपुगी त्यसको अस्थायी समाधान गर्न सुकुमबासी बस्ती हटाउने वा उनीहरूलाई जग्गा बाँड्नेसिवाय अरू कुनै उपायहरू उनीहरू अघि सार्न सक्तैनन् । काठमाडौँको क्षेत्र नम्बर ४ का सांसद पद्मरत्न तुलाधर पनि यो रोगबाट मुक्त देखिँदैनन् । उनी भन्छन्– "काठमाडौँका सुकुमबासीहरू स्वास्थ्य, वातावरण र अन्य कुनै पनि दृष्टिले सुरक्षित छैनन् । तिनलाई जबरजस्ती हटाइनु हुँदैन । वैकल्पिक व्यवस्था हुनुपर्छ । सुकुमबासीहरूलाई काठमाडौँमा नै जग्गा दिनुपर्छ भन्ने पनि छैन । उनीहरू जहाँबाट आएका हुन् त्यहीँ फर्काउनु पर्छ ।"

नेपालको विकास काठमाडौँमै केन्द्रित गरेर राख्ने नीतिले गर्दा नेपालीहरूलाई औषधोपचार, अध्ययन, रोजगारी जस्ता धेरै प्रकारका सुविधाका लागि काठमाडौँ नै धाउनुपर्ने बाध्यता छ । काठमाडौँमा घरजग्गा हुनु अन्यत्र घरजग्गा भएकाहरूका लागि समेत ठूलो प्रतिष्ठाको विषय हुन्छ भने वर्षभरि खान नपुग्ने र वैकल्पिक

रोजगारीका अभावले काठमाडौँ पसेका मानिसहरूले फेरि आफ्नो गाउँ फर्कन वा काठमाडौँ छाड्ने मन नगर्नु स्वभाविक हो । टेकु वंशीघाट बस्ने सरस्वती ढुङ्गाना भन्छिन्- “हामीलाई यहाँबाट उठाए पनि काठमाडौँभित्रकै बजार वरपर राखियोस् । हाम्रो काम यहीँ छ । बच्चाको पढाइ यहीँ छ । काठमाडौँबाहिर के गरेर खाने ? काठमाडौँ-बाहिर लखेट्ने हो भने सरकारले खेती गरेर खान पुग्ने जग्गा देओस् ।” (...)

## सुकुमबासी जीवनशैली

सार्वजनिक जग्गामा स-साना छाप्रा बनाएर बसोबास गर्नेहरू धेरैजसो गाउँबाट कामको खोजीमा काठमाडौँ पस्नेहरू नै छन् । काठमाडौँका सुकुमबासी बस्तीहरूमा झण्डै ७५ वटै जिल्लाका मानिसहरू भेटिन्छन् । जुवा-तास, जाँड-रक्सी, गरिबी र अधिग्रहणका कारणले सुकुमबासी हुन पुगेका शहरभित्रकै केही मानिसहरू पनि त्यहाँ भेटिन्छन् । केहीचाहिँ ताक परेको बेला मौका छोपिहालौँ भन्ने उद्देश्यले ठाउँ ओगट्नेहरू पनि छन् । छाप्रो बनाउँदै भाडामा दिनेहरू पनि केही पाइन्छन् । त्यस्तै सुकुमबासीका नाउँमा ‘पिलर सिस्टम’को ‘बिल्डिङ’ ठडयाउनेहरू पनि नभएका होइनन् । ह्युमत खोल्चोपाखाकी लक्ष्मी शाही सुकुमबासी जग्गामा एकजनाले बनाएको तीन तले बिल्डिङ देखाएर आक्रोशित हुँदै भन्छिन्- “हाम्रो घर सरकारले भत्काउन आएमा पहिला उ त्यो नक्कली सुकुमबासीको बिल्डिङ भत्काउनुपर्छ । त्यो नभत्काएसम्म मरे पनि हाम्रो घर छुन दिदैनौँ ।”

धेरैजसो सुकुमबासी पुरुषहरू ड्राइभर, पुलिस, सैनिक, पिउन, कुचिकार, होटल-रेष्टुराँका कामदार, ज्यामी, कुल्ली आदि छन् । कोहीकोही बाटामा तरकारी-चिया बेच्ने, रत्नपार्क सुन्धारातिर मोजा, लुगा बेच्ने गर्छन् । सरकारी कार्यालयमा ठूलै पदका जागिरे र शिक्षक पनि कतैकतै छन् । केही महिलाहरू ऊन कात्ने, साहूमहाजनकहाँ भाँडा माझ्न जाने, सानोतिनो जागिर खाने र खुद्रा व्यापार गर्छन् । तर धेरैजसो महिलाहरूचाहिँ बेरोजगार छन् । सुकुमबासीहरूमा पढे लेखेका मानिसहरू कमै भेटिए पनि कतैकतै बीएसम्म पढ्दै गरेका विद्यार्थीहरू पनि पाइन्छन् । बुटवलको नामूद सुकुमबासी बस्ती दीपनगरमा पाल्पाबाट निर्वाचित एमालेका सांसद विष्णु पौडेल र बुटवल नगरपालिकाकै उपमेयर रामप्रसाद खनालको पनि घर रहेको छ । उनीहरू आफूलाई शहरी सुकुमबासी नै भएको दाबी गर्दछन् ।

सुकुमबासी बस्तीका प्रायः बालबालिका स्कूलमा भर्ना नै हुँदैनन् । स्कूल जानेहरू पनि बीचमै पढ्न छाड्छन् । स्कूल नजाने बालकहरू प्लाष्टिक, फलामका टुक्राटाक्री जम्मा पार्ने र मजदुरी गर्दछन् । टेकु वंशीघाटकी बेलमाया शाक्यले आफ्ना छोराहरूलाई चाहँदा-चाहँदै पनि पढाउन सकिनन्- “मिठो खाने ठाउँमा पिठो खाएर पनि छोराहरूलाई पढाउने ठूलो धोको थियो । म र श्रीमान् दुवै काममा जानुपर्ने हुनाले छोराहरूलाई हेर्न सकिएन । सधैँ स्कूलबाट भाग्ने गरेर पाँच कक्षा पढेपछि त स्कूलै छाडिदिए ।”

केही सुकुमबासीको अवस्था अत्यन्त दयनीय छ । तर आजभोलि धेरैजसो सुकुमबासीको घरमा श्याम-श्वेत नै भए पनि टेलिभिजन पाइन्छ । एक जना सुकुमबासी कृष्णबहादुर भन्दछन्,- "हुकुम्बासीहरूले सुकुमबासीको घरमा पनि टेलिभिजन भनेर खिसी गर्छन् । तर के सुकुमबासी भन्दैमा हामीले नाङ्गेझार भएर बस्नु त ? हामीले बस्ने बास पो जोड्न सकेनौँ । सानोतिनो काम त हाम्रो पनि छ । आजभोलि 'ब्ल्याक एण्ड ह्वाइट' टेलिभिजन क्यासेट प्लेयरभन्दा पनि सस्तो छ । किस्ताबन्दीमा पाइन्छ ।"

कतिपय सुकुमबासी बस्तीमा साँच्चिकै सुकुमबासी नभएर सुकुमबासी मनस्थिति भएका मानिसहरू पनि छन् । सुकुमबासी कल्याण तथा बेरोजगार समाजका सचिव सेवकमणि नेपाली पनि सबै बस्तीहरूमा शतप्रतिशत नै सुकुमबासी छन् भन्ने दाबी गर्न नसक्ने बताउँछन् । उनी भन्छन्- "कुनैकुनै बस्तीमा ७५ प्रतिशत सुकुमबासी र बाँकी नक्कली छन् । कतिपय ठाउँमा आधा छन् । तिनको छानबिन हुनुपर्छ ।"

समाजभित्रै बसेर पनि समाजबाट अलगझैँ रहेका सुकुमबासी बस्तीका कतिपय मानिसहरूचाहिँ आफूलाई सुकुमबासी भनाउनुपर्दा स्वाभिमान हराएको महसुस गर्दछन् । टेकु वंशीघाट बस्ने कमला शाहले कक्षा दशसम्म पढेकी छन् । उनी भन्छिन्- "कसैले कहाँ बस्छचौ भनेर सोध्दा सुकुमबासी बस्तीमा बस्छु भन्न साह्रै नराम्रो लाग्छ । सुकुमबासी भन्नेवित्तिकै मानिसहरूले अर्कै व्यवहार गर्छन् । मेरी बहिनीलाई स्कूलमा साथीहरूले सुकुमबासी भनेर जिस्क्याएपछि कति दिन स्कूलै जान मानिन ।"

काठमाडौँमा सबैभन्दा पहिलो सुकुमबासी बस्ती २०२८ सालमा सामाखुसीमा बसेको थियो । (...) बालाजु, सामाखुशी, वंशीघाट र अरू केही ठाउँमा वडा कार्यालयले केही घरलाई बिजुलीको लागि सिफारिस दिएको छ भने कतै केही सार्वजनिक धाराहरू पनि बनाइएको छ । बिजुलीको मिटर हुने सुकम्बासीहरूका घरबाट नहुनेहरूले लाइन लिएर बिजुली बाल्ने चलन छ । बिजुलीको लाइन नपाउनेले रात परेपछि टुकीको सहारा लिन्छन् । कतिपय बस्तीहरूमा बिजुली छँदै छैन । पिउने पानीका लागि एउटा बस्तीमा दुई-तीन वटा सार्वजनिक धाराहरू पाइन्छन् । प्रायः सुकुमबासीको निजी चर्पी हुँदैन । केहीले खाली जग्गा र खोला किनारामा खाल्डो खनेर प्लाष्टिक र काठले बारेर साझा चर्पी बनाएका छन् । कोही भने खोला किनारा र खुला ठाउँलाई चर्पीको रूपमा प्रयोग गर्छन् ।

सुकुमबासीहरूलाई दुई वटा कुराको सधैँ त्रास देखिन्छ एउटा बाढीको र दोस्रो सरकारको । स्थानीय बासिन्दाहरू सुकुमबासी बस्तीले टोलको सौन्दर्य बिगारेको, नदी फोहर गरेको, जाँड-रक्सी खाएर होहल्ला बढाएको गुनासो गर्छन् । त्यस्तै धनीहरूले हेप्ने र बस्ती हटाउन वडा कार्यालयलाई सधैँ दबाब दिने कुरा सुकुमबासीहरू बताउँछन् ।

यी बस्तीहरूमा धर्म परिवर्तनको लहर बढिरहेको र ईसाई धर्मका प्रचारकहरू बढी धाइरहने कुरा पनि सुकुमबासीहरू बताउँछन् । शनिबारका दिन सुकुमबासीका

आँगनहरू प्राय शुन्य देखिन्छन् । हिन्दू वा बौद्ध धर्म मान्नेहरू शनिबार नेपाल टेलिभिजनले दिने गरेको हिन्दी सिनेमा हेर्नमा व्यस्त हुन्छन् । ईशाई धर्म मान्नेहरू चर्च जान्छन् । "हाम्रो सामूहिक समस्याका लागि केही गर्न हामी शनिबारको दिन मिटिङ राख्छौँ तर त्यही दिन कसैलाई चर्च नगई नहुने र कसैलाई फिल्म नहेरी नहुने हुनाले एकजुट हुन गाह्रो छ," लक्ष्मी गुनासो गर्छिन् ।

सुकुमबासीहरू चुनावी हतियारको रूपमा पनि प्रयोग भइरहेका देखिन्छन् । चुनावमा नेताहरू सुकुमबासी बस्तीहरूमा धाएर आश्वासनका पोका बाँड्ने गर्छन् । जग्गाको लालपूर्जा, बिजुली र धारा ल्याइदिने प्रलोभन दिँदै नेताहरूले उनीहरूलाई जुलुसमा लाने र भोट खसाल्न दबाब दिने गरेको कुरा सुकुमबासीहरू गुनासो गर्छन् । बौद्ध, सुवेदार गाउँकी पार्वती पोखरेल आफ्नो अनुभव यसरी बताउँछिन्- "लालपूर्जा र बिजुली दिउँला भनेर चुनावताका जुलुसमा लगे । पाउँछौँ भन्ने आशाले बूढाबूढीहरू समेत घरमा ताल्चा लगाएर, छोराछोरीलाई भोकै छाडेर, काम छोडेर दिनभरि भोकभोकै जुलुसमा हिँड्यौँ । केको हो विरोध गर्न टाउकोमा कालो पट्टी बाँध्न लगाए । सडकमा नारा लगाउन लाए । तर चुनाव जितेपछि कोही फर्केर आएनन् । हामी अँध्यारोमै छौँ ।" त्यसैगरी प्रजातन्त्र दिवस, संविधान दिवस र अन्य राजनीतिक प्रयोजनका लागि मान्छेको हूल प्रदर्शन गर्न पनि सुकुमबासीहरूलाई प्रयोग गरिन्छ । हरेक पार्टी र नेताका पछाडि सुकुमबासी छन् भन्ने विचार अधिवक्ता बालकृष्ण न्यौपानेको छ ।

## आफ्नो देशमा आफैँ शरणार्थी

भुटानी शरणार्थीले राष्ट्रिय मान्यता पाएका छन् । दातृसंस्थाहरूले बस्ने घर बनाइदिएका छन् । खान लाउन दिन्छन् । धारा बिजुली र सरसफाइको व्यवस्था छ । कर तिर्नु पर्दैन । बच्चालाई पढाइदिन्छन् । औषधी गरिदिन्छन् । तर सुकुमबासीलाई भने गैरकानूनी घोषित गरेर बसेको ठाउँबाट धमाधम उठाइँदैछ । आफ्नै देशमा शरणार्थी बनाइँदैछ । "समाजमा हाम्रो कुनै पहिचान, इज्जत र मान्यता छैन । देशले हामीलाई अनागरिक-लाईभन्दा नराम्रो व्यवहार गरेको छ ।" यो भनाइ हो सुकुमबासी कल्याण तथा बेरोजगार सङ्घका अध्यक्ष हरिबहादुर खड्काको ।

२०५३ असोज १८ र कात्तिक १८ गते कोहिटी विष्णुमति नदी किनारमा रहेका ८८ छाप्राहरू एडीबी प्रोजेक्टको विष्णुमती वातावरण सुधार कार्यक्रमअन्तर्गत टेकुदेखि शोभाभगवतीसम्म चर्पी र निर्माण कार्यबाट निस्कने फोहर फ्याँक्ने ऱ्याम्प निर्माण गर्नका लागि भत्काइए । सुकुमबासीहरूलाई आफ्नो छाप्रो भत्काएर लान ७ दिने सूचना दिइएको थियो । कतिले हतार-हतार आफ्नो छाप्रो भत्काएर काठपात, जस्ता, इँटा लिएर गए । म्यादभित्र नभत्काउनेहरूका छाप्राहरू डोजर लगाएर भत्काइयो । केही अति विपन्न र धेरै छोराछोरी हुनेहरू अझै पनि छाप्रा वरिपरि नै बसिरहेका छन् । तीमध्ये नेपाल अधिराज्यभरि कतै पनि आफ्नो खुट्टा टेक्ने ठाउँसम्म

नभएको बताउने पम्फा परियारका १३ जना परिवार छन् । उनका पति अन्धा छन् । छोराछोरी माग्ने र खाते काम गर्छन् । डोजरले छाप्रो भत्काउँदा तिनले आफ्नो भएको थोत्राथोत्री सामान निकाल्ने मौकासम्म पाइनन् । सम्पत्तिको नाउँमा एउटा लुगा सिउने हातेकल थियो, त्यो पनि पुरियो । तिनी भन्छिन्- "यत्तिका छोराछोरी हुनेलाई कसले डेरा दिन्छ ? दिनको एक छाक त पेटभरि खान पाउँदैनौं, डेरा भाडा कसरी तिर्नु ? बरु हामी सबैलाई मारिदेओस् ।"

"दशैं र तिहारको मौका पारी हाम्रो घर भत्काइयो र दशैं-तिहारमा रुवाबास गर्नुपर्‍यो," लक्ष्मी थापा भन्छिन्, "सात दिनभित्रमा यत्रो वर्षदेखि घरजम गरेर बसेको छाप्रो भत्काएर हामी कहाँ जाने ? एक महिनाको समय दिएको भए डेरा खोज्न त भ्याइन्थ्यो ।"

२०४८ सालमा नगर विकास समितिले क्षेत्रपाटी ढल्कोका ९६ सुकुमबासी छाप्राहरू भत्काएको थियो । त्यतिबेला सुकुमबासी बेरोजगार तथा कल्याण समाजको नेतृत्वमा सुकुमबासीहरूले विरोध गरेपछि आइन्दा कुनै पनि सुकुमबासी बस्ती भत्काउँदा सुकुमबासीहरूका लागि अन्त व्यवस्था गरेर मात्र भत्काउने सम्झौता सरकारले समाजसँग गरेको थियो । नेपाल सुकुमबासी बेरोजगार कल्याण समाजका सचिव सेवकमणि नेपाली भन्छन्- "सरकारले हामीसँग गरेको सम्झौतालाई लत्याएर कोहिटीका छाप्राहरू भत्काएको छ । नेपालीहरूको ठूलो चाड दशैं र तिहारको मौकामा साँझपख चराहरू पनि गुँडमा फर्किने बेला पारेर सुकुमबासीका छाप्राहरूमा डोजर लगाइयो । अब हामीसँग सङ्घर्ष गर्नुसिवाय अरू कुनै उपाय छैन ।"(...)

## सुकुमबासी र यूएन पार्क

शङ्खमूलदेखि टेकुसम्म निर्माण हुने भनिएको यूएन पार्क क्षेत्रभित्र शङ्खमूल, थापाथली कुरिया गाउँ र टेकु वंशीघाट गरेर तीन वटा सुकुमबासी बस्तीहरू पदर्छन् । यूएन पार्क निर्माण भएमा झण्डै दुईसय सुकुमबासी परिवार विस्थापित हुनेछन् । केही समयअघि यूएन पार्कका मानिसहरूले शङ्खमूलको सुकुमबासी क्षेत्रमा किला गाड्न जाँदा विवाद उत्पन्न भएको थियो । यूएन पार्कका लागि किला गाड्न खनिएको खाल्डाहरूलाई सुकुमबासीहरूले पटक-पटक पुरिदिने गरेका छन् । अहिले पार्कभित्र पर्ने सुकुमबासीहरूले एउटा सङ्घर्ष समिति पनि गठन गरेका छन् ।

यूएन पार्कको नक्सामा शङ्खमूल क्षेत्रलाई मनोरञ्जन स्थल बनाइएको छ । शङ्खमूलस्थित सुकुमबासीहरूको संस्था शुद्धमार्ग टोल विकास समितिका अध्यक्ष हुकुमबहादुर लामा भन्छन्, "गरिबको बसोबास उठाएर हुने खानेलाई मनोरञ्जन क्षेत्र बनाइदिने कुरा कत्तिको जायज छ ? हामीलाई यहाँबाट उठाए हामी झन् महासुकुमबासी हुनेछौं । धेरै दुःख सङ्घर्ष गरेर हामी यो स्थितिमा आइपुगेका छौं । हाम्रो काम यहीँ छ । यहाँबाट उठाइयो भने भोलि हाम्रो सडकमा बास हुनेछ ।"

शङ्खमूलकै नन्दराज गुरुङ विभिन्न कागजपत्र देखाउँदै सुकुमबासी बसेको जग्गा सार्वजनिक नभएको दाबी गर्छन् । "हामी बसेको जग्गा निजी जग्गा हो । २०४५

सालमा जग्गा-धनी गणेशमाया श्रेष्ठले जग्गा खाली राख्नु सट्टा हामीलाई घर बनाई बस्न मञ्जुरीनामा दिएको हो ।"

आफूले तरकारी रोप्ने गरेको करेसाबारीसम्म पार्कलाई छाड्न सुकुमबासीहरू तयार छन् । निरु गुरुङ भन्छिन्, "हाम्रो घर पार्कले नछोओस् । हामी यो ठाउँ छाडेर अन्त जाँदैनौ । हाम्रो घर भत्काउनुअघि नै हामीलाई पनि डोजरले पेलोस् ।"

केहीगरी अन्त व्यवस्था नगरी कोहिटीमाझैं घर भत्काउन आएको खण्डमा सबै जना एकजुट भएर लड्ने निश्चय त्यहाँका सुकुमबासीहरूले गरेका छन् । तर *कान्तिपुर*मा प्रकाशित यूएन पार्कसम्बन्धी समाचारमा पार्क निर्माणका संयोजक पूर्ण कडरियाले त्यहाँको जग्गा बिनादर्ता भोगचलन गरी यदि कसैले घर बनाई बसोबास गरेको रहेछ भने १५ दिनको म्याद दिएर तिनलाई हटाउन सक्ने बताएका छन् ।

संसारका सबै ठूला शहरहरूमा शहरी गरिब वा सुकुमबासीहरूको समस्या पाइन्छ । यस समस्याको निराकरण गर्न धनी र विकसित राष्ट्रहरूले समेत सकेका छैनन् । नेपालमा पनि यो समस्या शहरको घाउको रूपमा देखापरेको छ । भारत-लगायत अन्य मुलुकहरूमा सुकुमबासी बस्तीहरू व्यवस्थित गर्न, सुकुमबासीहरूको जीवनस्तर सुधार्न सरकारदेखि लिएर विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू लागेका छन् । नेपालले पनि यही समस्यालाई ध्यानमा राखेर अन्तर्राष्ट्रिय स्तरको बाससम्बन्धी मेक्सिको, रियो, बेइजिङ र इस्तान्बुल सन्धिहरूमा हस्ताक्षर गरेको भए तापनि अहिलेसम्म यो समस्यालाई त्यति गम्भीरताका साथ लिइएको छैन ।

काठमाडौं उपत्यकामा कति वटा सुकुमबासी बस्तीहरू छन् भन्ने कुरा आजसम्म नगरपालिका, नगर विकास समिति, आवास विभागदेखि लिएर सुकुमबासीहरूकै पुनर्वासका लागि स्थापना गरिएको सुकुमबासी आयोगलाई समेत थाहा छैन । एक दुईवटा गैरसरकारी संस्थाहरूले कुनैकुनै सुकुमबासी बस्तीमा केही काम गरेको पाइन्छ । शहरी सुकुमबासी वा शहरी गरिबका लागि काम गर्ने उद्देश्यले स्थापना भएको एउटै मात्र गैरसरकारी संस्था लुमन्ती सपोर्ट ग्रुप फर सेल्टर वा आवासको लागि सहयोग समूह हो । यो संस्थाले हाल केही सुकुमबासी बस्तीहरूमा महिलाहरूका लागि वचत कार्यक्रम, प्रौढ शिक्षा, आय आर्जनका कामलगायत कोहिटीबाट हटाइएका सुकुमबासीहरूलाई कानूनी सहयोग पुऱ्याइरहेको छ ।

त्यसो भन्दैमा चुप लागेर बस्ने बेला पनि छैन । अहिले जसरी गाउँबाट शहरतिर बसाइ सर्ने मानिसहरूको सङ्ख्या दिनदिनै बढ्दैछ, त्यसरी नै घरभाडा पनि तीव्रताका साथ बढिरहेछ । जुनसुकै बेला बहाल बढाउन र डेराबाट उठाउन सक्ने घरधनीको अधिकारलाई रोक्ने कुनै ऐन-कानून छैन । यसले गर्दा भोलि बहाल तिर्न नसकेर हजारौं परिवारले सार्वजनिक जग्गामा जानुपर्ने बाध्यता आउन सक्छ । त्यसबेला खाली चउर, खोला किनार र सार्वजनिक जग्गामा मात्र होइन कसैको खाली छोडिएको जग्गासमेत अतिक्रमण हुनसक्ने अवस्था पनि आउन सक्छ । (...) ♦